# रिब्दीकोट गाउपालिका

# स्थानीय राजपत्र

**खण्डः ७ रिब्दीकोट कार्तिक ३, २०८० साल संख्याः ४**

**भाग–२**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मिति : २०८०/०६/२८

**प्रस्तावना :**

रिब्दीकोट गाउँपालिका अन्तर्गत खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रको सेवालाई प्रभावकारी, गुणस्तरीय, छिटो छरितो बनाउन उच्च मनोबलयुक्त इमान्दार र कर्तव्यनिष्ठ कर्मचारीको आवश्यक पर्दछ। स्वास्थ्य सेवालाई गुणस्तरीय राख्न एवं कार्यसम्पादनको स्तर सुधार गर्न गाउँपालिकाको तर्फबाट कर्मचारीको कार्यसम्पादनको आधारमा प्रोत्साहन र दण्डको व्यवस्था गर्न आवश्यक देखिन्छ । अतः उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ गाउँपालिकाको नीतिगत, प्रशासनिक एवं संरचनात्मक विकासलाई संस्थागत गर्न, स्वास्थ्य केन्द्रको दिर्घकालीन सोच, उद्देश्य प्राप्ति गर्न, नीतिको कार्यान्वयन र अतिरीक्त समय सेवा प्रवाह गर्न कुशल कार्यक्षमता भएका चिकित्सकलाई प्रोत्साहन स्वरुप शत प्रतिशत (१०० प्रतिशत) भत्ता उपलब्ध गराउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क)यस कार्यविधिको नाम "रिब्दीकोट गाउँपालिका अन्तर्गत खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"कार्यविधि" भन्नाले रिब्दीकोट गाउँपालिकाको खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(ख)"चिकित्सक" भन्नाले रिब्दीकोट गाउँपालिका अन्तर्गतको खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्थायी तथा करार चिकित्सकलाई सम्झनु पर्दछ ।

(ग)"गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ)"अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ)"उपाध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ)"प्रोत्साहन भत्ता" भन्नाले रिब्दीकोट गाउँपालिका अन्तर्गत खस्यौली स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सकलाई अतिरीक्त समय काम गरे बापतको शत प्रतिशत भत्ता सम्झनु पर्दछ ।

ज)"कार्यसम्पादन" भन्नाले अनसूची २ बमोजिमको ढाँचालाई सम्झनु पर्दछ ।

झ)"स्वास्थ्य संस्था" भन्नाले खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रलाई जनाउँनेछ ।

ञ)"अतिरीक्त समय" भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय भन्दा अघि वा पछिको समय वा सार्वजनिक बिदाको दिन कार्यालय वा फिल्डमा रही गरेको कार्य अवधिलाई सम्झनु पर्नेछ ।

## परिच्छेद-२

**३.कार्यक्रमको उद्देश्य :**

क) चिकित्सकलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्न,

ख) चिकित्सकलाई अतिरीक्त समयमा समेत कार्य गर्न उत्प्रेरित गर्न,

ग) चिकित्सक र कार्यालय बिच अपनत्वको भावना विकास गर्न,

घ) सिमित श्रोत साधनबाट अधिकतम कार्य सम्पादनमा जोड दिने,

ङ) चिकित्सकिय स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने,

च) कार्यसम्पादनमा पारदर्शिता तथा जवाफदेहितामा बृद्धि गर्न,

छ) कार्यालयको उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि अनुकुल कार्य गर्ने वातावरण सिर्जना गर्न,

ज) चिकित्सकको कार्यकुशलता र दक्षता अभिबृद्धि गर्न ।

**४. प्रोत्साहन भत्ता कार्यान्वयन समिति सम्बन्धी व्यवस्था :**

प्रोत्साहन भत्ता उपलब्ध गराउनको लागि देहाय बमोजिम हुने गरी गाउँपालिकास्तरीय समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**५. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

क) सेवाग्राहीसँग चिकित्सकले प्रदान गरेको सेवा बारे सोधपुछ गर्ने ।

ख) स्वास्थ्य संस्थाको सकारात्मक परिवर्तन सम्बन्धी अनुगमन मूल्यांकन गर्ने/गराउने ।

ग) स्वास्थ्य संस्थाको गतिविधि बारे बेला-बेलामा चिकित्सक सहित बैठक बोलाउने ।

घ) स्वास्थ्य सेवालाई प्रक्रियामुखि नभएर परिणामुखी गराउन पहल गर्ने ।

च) पालिका भित्रका नागरिकहरुलाई अतिरीक्त समयमा समेत सेवा प्रवाह बारे सूचना प्रचार प्रसार गर्ने/गराउने ।

## ६ बैठक तथा सेवा सुविधा :

क. बैठक: कम्तिमा ३ महिनाको एक पटक बस्नेछ ।

ख. सेवा सुविधा: यो कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीलाई कार्यक्रमसँग सम्बन्धित बैठक भत्ता बाहेक अन्य कुनै मौद्रिक सुविधा उपलब्ध गराइने छैन ।

## ७. निवेदन दिनु पर्ने :

प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि आवश्यकताको कारण खुलाई अनुसूची १ र २ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजात संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

## ८. लक्षित समूह :

- रिब्दीकोट गाउँपालिकाका नागरिकहरु ।

## ९. कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलाप :

गाउँपालिका अन्तर्गतका स्वास्थ्य केन्द्रमा स्वास्थ्य जाँच गर्न आउने नागरिकहरुलाई कार्यालय समय भन्दा अतिरीक्त समयमा समेत सेवा प्रवाह गर्ने/गराउने उद्देश्यले गाउँपालिकाको स्वास्थ्य ऐनको परिधिमा रही स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

## १०. कार्यक्रम संचालनको तरीका :

- यस कार्यविधिले उपलब्ध गराएको कार्यविधिको आधार र अनुसूची १ बमोजिम निवेदन दिनु गर्नेछ ।
- आफूले गरेको मासिक प्रगति प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

## ११. अपेक्षित उपलब्धी :

- चिकित्सकको कार्यसम्पादनमा सुधार आई स्वास्थ्य केन्द्रको काम छिटो छरितो दंगले सम्पादन भएको हुनेछ,
- चिकित्सकले आफ्नो कार्य विवरणमा तोकिएको जिम्मेवारी दायित्व प्रति उत्तरदायि र जवाफदेही हुनेछन् ।
- सेवा प्रवाह प्रक्रियामुखि भन्दा नतिजामुखी हुनेछ,

- कार्यालयमा रहेका दक्ष र सीपयुक्त जनशक्तिको पूर्णरुपमा उपयोग भएको हुनेछ ।
- कार्यालयमा नतिजाउन्मुख व्यवस्थापन प्रणालीको विकास गर्नमा मद्दत पुगेको हुनेछ ।
- प्रोत्साहन भत्ता वितरणमा अनावश्यक विवाद तथा अस्पष्टता रहने छैन।

**१२. प्रोत्साहन भत्ताको अधिकतम सिमा :**

- मासिक तलबको बढीमा शत प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराईने छ । सो प्रोत्साहन भत्तामा अस्पताल विकास समितिले प्रदान गर्ने मासिक प्रोत्साहन भत्ता समेत समाहित हुनेछ ।

**१३. प्रोत्साहन भत्ता वितरणको प्रक्रिया :**

स्वास्थ्य संस्थामा कार्यरत स्थायी र करार चिकित्सकको संख्या १ भन्दा बढी भएमा १ जना चिकित्सकलाई उपलब्ध गराएको प्रोत्साहन भत्ता दामासाही तबरले सबैलाई वितरण गरिनेछ ।

**१४. प्रोत्साहन भत्तामा गणना नहुने :**

स्वास्थ्य संस्थामा हाजिर नभएको दिन, बिदामा रहेको दिन, काजमा खटिएको दिन, तालिमका रहेको दिन प्रोत्साहन भत्ता प्रयोजनलाई गणना गरिने छैन ।

**१५. संशोधन तथा परिमार्जन :**

यस कार्यविधिलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१६. खारेजी तथा बचाउ :**

क) चालु आ.व बाट यसै कार्यविधिको आधारमा चिकित्सकलाई प्रोत्साहन भत्ता रकम उपलब्ध गराईनेछ । आवश्यक ठानेमा आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिन सकिनेछ ।

ख) यस कार्यविधिमा संशोधन वा खारेजी गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

## अनुसुची-१

प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि दिईने निवेदन

मिति :..............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय, पाल्पा ।

**बिषय : प्रोत्साहन भत्ता सम्बन्धमा ।**

महोदय,
प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिका अन्तर्गत खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा .......................पदमा कार्यरत म ......................................... .ले शत प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय बमोजिम र मासिक प्रतिवेदन अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

निबेदकको नाम :

पद :

संस्थाको नाम :

ठेगाना :

दस्तखत :

फोन नं. :

संस्थाको छाप :

# अनुसुची-२

रिब्दीकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, पाल्पा ।

मिति २०............साल ................महिना ..............गते देखि मिति २०............साल ............महिना ...........गते सम्म अतिरीक्त समय काम गरेको दैनिक प्रतिवेदन (लगबुक)

कर्मचारीको नाम : .........................................पद : ......................

शाखा/उपशाखा/केन्द्र/वडा कार्यालय : ...........................................

| मिति | बार | बिहान | | बेलुका | | जम्मा अतिरीक्त समय (घण्टामा) | कामको विवरण | सुपरिवेक्षकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| १८ | | | | | | | | |
| १९ | | | | | | | | |
| २० | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | | | | | | | | |
| २२ | | | | | | | | |
| २३ | | | | | | | | |
| २४ | | | | | | | | |
| २५ | | | | | | | | |
| २६ | | | | | | | | |
| २७ | | | | | | | | |
| २८ | | | | | | | | |
| २९ | | | | | | | | |
| ३० | | | | | | | | |
| ३१ | | | | | | | | |
| ३२ | | | | | | | | |

**निवेदकको**
दस्तखत :
नाम :
पद :
कार्यालय :

**प्रमाणित गने**
दस्तखत :
नाम :
पद :
कार्यालय :

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत